जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४३ अंक १५ २०८१ साल मंसिर २ गते आइतवार (17 Nov 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा** : परम्परागत सामग्रीसहित ... **पृष्ठ ३ मा** : बढ्दो छ वैदेशिक ... **पृष्ठ ४ मा** : स्थानीय तह उपनिर्वाचनका ... **पृष्ठ ५ मा** : फरार प्रतिवादी पक्राउ ...

# देश कंगाल, नेता मालामाल बन्दै गएका छन् : आजपा अध्यक्ष साह



**राजविराज**/आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले देश कंगाल, नेताहरु मालामाल बन्दै गएको आरोप लगाएका छन् ।

मधेश प्रदेशको सप्तरी सदरमुकाम राजविराजबाट सो पार्टीले शनिबारदेखी “भ्रष्टाचार बिरुद्धको मधेश यात्रा” अभियानलाई शुभारम्भ गर्दै अध्यक्ष साहले यस्तो आरोप लगाएका हुन् ।

अध्यक्ष साहले सरकार कुम्भकरण जस्तै सुतिरहेकाले आमजनताको समस्या बारे जानकारी र खबरदारी गर्न विशेष अभियान स्वरुप मधेशमा “भ्रष्टाचार बिरुद्धको मधेश यात्रा” अभियान थालिएको बताए ।

“मुलुकमा भ्रष्टाचार, कुशासन, मंहगी, अनियमितता बढ्दे गइरहेको छ, उनले भने, यही बेला सोझासाझा जनतामाथी अनावश्यक र थेग्ने नै नसक्ने गरि कर माथी कर थुपार्दै सरकारले राज्यको ढुकुटी लुटिरहेको छ ।”

आजपाले भ्रष्टाचार, अनियमितता, कुशासन, मनपरी कर, मंहगी, बेरोजगारी, बैदेशिक रोजगारी ठगी, भन्सारमा मनोमानी कर लगायतको विषयमा खबरदारी गर्न सो अभियान थालेको उनको भनाई छ ।

जनतामाथी करको भार लादेर मंहगी चरम रुपमा बढेको, नेताहरु मोटाउँदै गएको र देश कंगाल अवस्थामा पुग्न लागेको उनले बताए । सबैभन्दा बढी राजश्व बुझाउने मधेश प्रदेशलाई केन्द्रबाट दिइने बजेट पनि अति न्युन मात्रामा दिएर विभेद गरिएको उनको भनाई थियो । भ्रष्टाचार बिरुद्धका कार्यक्रम लिएर जनता समक्ष जाँदा पनि आफूलाई चेकजाचको बहानामा सिरहाको लहानमा प्रहरीले घण्टौं रोकेर अनावश्यक दुःख दिएको समेत उनले गुनासो पोखे ।

कार्यक्रममा आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, केन्द्रिय नेता सुनिता साह, दिलिप साह, मो. इस्लाम लगायतले पनि देशको वर्तमान अवस्थामा र आजपाको अभियान बारे बोलेका थिए ।

सप्तरीको राजविराजबाट सुरु भएको भ्रष्टाचार बिरुद्धको मधेश यात्रा विशेष गरि हुलाकी राजमार्गबाट सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा हुँदै पर्साको बिरगंजमा पुगेर समापन हुने सो अवसरमा वरिष्ठ उपाध्यक्ष साहले जानकारी दिए ।

पाँच दिनसम्म चल्ने अभियानका क्रममा विभिन्न स्थानमा भेला, बैठक, खबरदारी सभा र अन्तरक्रिया लगायतका कार्यक्रम गरिने सो पार्टीले जनाएको छ ।

# मुख्यमन्त्रीसहित २ सय ५१ सदस्यीय प्रमण्डल अयोध्या प्रस्थान



**जनकपुरधाम**/जानकी विवाह महोत्सवका सन्दर्भमा मधेसका मुख्यमन्त्री शतिसकुमार सिंह नेतृत्वको दुई सय ५१ सदस्य प्रतिनिधिमण्डल उत्तरप्रदेशको अयोध्यास्थित श्रीराम मन्दिरका पदाधिकारीलाई आमन्त्रण गर्न शनिबार त्यसतर्फ प्रस्थान गरेको छ ।

प्रतिनिधिमण्डलमा विश्वहिन्दूपरिषद् नेपाल, जनकपुरका प्रमुख मजोजकुमार साह, जनकपुर उद्योग वाणिज्य महासङ्घका अध्यक्ष सुरेन्द्र भण्डारी र जानकी मन्दिरका उत्तराधिकारी रामरोशनदास वैष्णवलगायत नागरिक समाजका प्रतिनिधि सहभागी छन् ।

प्रतिनिधिमण्डल आइतबार राति अयोध्या पुग्ने र उक्त मन्दिरका पदाधिकारीलाई आमन्त्रण गर्ने परिषद्का अध्यक्ष सन्तोष साहले बताउँदै सोमबार अयोध्यास्थित राममन्दिरमा तिलकोत्सवको आयोजना गरिने जानकारी दिए ।

परम्परागत रुपमा आयोजना हुँदै आएको जानकी विवाह उत्सवमा सहभागी हुन प्रतीकात्मक रुपमा भगवान् श्रीरामका साथै चारै दाजुभाइ र तीन रानीका लागि लत्ताकपडा गरगहनासँगै माखन, दहीच्यूरा, फलफूल पकवान मिष्टान्न सौगातस्वरुप राममन्दिरका पदाधिकारीलाई हस्तान्तरण गर्ने कार्यक्रम छ ।

# लागूऔषध र साइबर क्राइम जस्ता अपराधबाट टाढा रहन सुझाव




**राजविराज**/मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले भविष्यका कर्णधार मानिने विद्यार्थीहरु लागूऔषध र साइबर क्राइम जस्ता अपराधबाट टाढा रहनु पर्ने सुझाव दिएका छन् ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्रालय जनकपुरधामद्वारा सप्तरीको कञ्चनपुरमा शनिबार आयोजित सुरक्षा र विपद सम्बन्धि सम्बन्धि सचेतना तथा अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो सुझाव दिएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री लेखीले युवा विद्यार्थीमा देश परिवर्तन गर्ने क्षमता भएकोले यस्ता कुलतबाट टाढा रहेर सकारात्मक दिशामा अगाडि बढन आग्रह गरे । उनले सभ्य समाज निर्माणका लागि लागूऔषध र कुलतको जोखिमबाट हुने अपराध न्यूनीकरणका लागि सामाजिक स्तरबाटै अघि बढ्नु पर्ने समेत बताए ।

कार्यक्रममा मधेस प्रदेशका नीति आयोगकी सदस्य डा. शिला मिश्रले साँस्कृतिक संरक्षण र दहेज, आम सञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले लागूऔषध, हिंसा, मानसिक समस्या दाइजोलगायतका सचेतना एवम् संदेश मुलक भिडिओ प्रदर्शन, सप्तरीका प्रहरी प्रमुख ढकेन्द्र खतिवडाले लागूऔषध दुर्व्यवसनी र साइबर क्राइमबाट आउने समस्या र कानूनी सजाय, नेपाल पत्रकार महासंघ मधेस प्रदेश अध्यक्ष राजेश कुमार कर्णले युवा: सञ्चार र सामाजिक सञ्जाल, सशस्त्र प्रहरी बल २ नम्बर छिन्नमस्ता बाहिनीका सशस्त्र प्रहरी उपरीक्षक सूर्यबहादुर सेन

***बाँकी अन्तिम पृष्ठमा***

## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

## जाडो मौसममा चिसोबाट बचौं

➢जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,

➢तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,

➢घर तथा कोठा न्यानो बनाऔं,

➢बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,

➢बढी चिसोमा मर्निङ्गवाक नगरौं,

➢दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### क्रिकेटमै भविष्य सुनिश्चितता खोज्दै

नेपाली क्रिकेट अहिले उचाईमा पुगेको छ । पुरुष होस या महिला क्रिकेट टोली दुबै अब्बल अवस्थामा छन् । केही दिन अघि मात्र पुरुष क्रकेट टोलीले टि-ट्वान्टी विश्वकप प्रतियोगितामा भोग लिएको थियो भने अहिले आईसीसी महिला यु-१९ महिला टी-२० विश्वकपमा नेपाल पहिलोपटक छनौट हुन सफल भएको छ । आगामी वर्षको जनवरी १८ बाट मलेसियामा हुने खेलमा नेपालले सहभागिता जनाउने भएको हो । खेल मैदान र हौसलाको अभावका बाबजुद पनि नेपाली चेलीहरुले खेलेको उत्कृष्ट खेलले नेपाल विश्वकप खेल्ने राष्ट्रको रुपमा छनौट भएको हो ।

लगातार ४ खेल जितेर १० अंकसहित शीर्ष स्थानमा रहेको युएईलाई हराउँदै नेपाल विश्व कपका लागि छनौट भएको हो । पछिल्लो समय नेपालमा खेलकुदका गतिविधि अघि बढे पनि सोचेजस्तो सफलता प्राप्त हुन नसकिरहेको परिप्रेक्ष्यमा नेपाली महिला क्रिकेट टोलीले दिलाएको सफलताले भने नेपाल र नेपालीले आफूलाई गौरवको महसुस गर्न थालेका छन् । अबको तीन महिनापछि हुने विश्वकपमा नेपालको सशक्त उपस्थितिका लागि बन्द प्रशिक्षणका निम्ति तयारी गर्न नेपाल क्रिकेट संघले ढिलाइ गर्नुहुँदैन ।

सरकारको लगानी लगभग शून्यको अवस्था भए पनि नेपाल विश्वकपमा छनौट हुनुले नेपाल र नेपालीको शिर विश्वसामु ठाडो बन्दै गएको छ । यता क्यानले पुरुष क्रिकेटका लागि जति लगानी गरेको छ, महिला क्रिकेटको उत्थानका लागि त्यति लगानी गरेको पाइँदैन । त्यसैले क्यान होस् वा सरकारी तवरबाट हुने सहयोगमा कुनै कमी आउन दिनुहुँदैन । तसर्थ नेपाली पुरुष र महिला टोली दुबैको प्रदर्शनले नेपालमा अब क्रिकेटप्रति मोह बढ्दै गएको छ । यसमै युवा/युवतीहरुले भविष्य सुनिश्चित गर्न सक्ने सम्भवना समेत बढेर गएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# परम्परागत सामग्रीसहित झाँकी प्रदर्शन

**राजविराज**/विद्यापती स्मृती पर्वको अवसरमा बिहीबार विभिन्न परम्परागत सामग्रीसहित झाँकी प्रदर्शन गरिएको छ ।

मैथिली भाषा साहित्यका विद्यापतीको स्मृतीमा तीन दिवसीय कार्यक्रम अर्न्तगत अन्तिम दिन बिहिवार राजविराजमा उक्त झाँकी प्रर्दशन गरिएको हो ।

स्थानीय पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयको खेलमैदानबाट मैथिली भाषा, साहित्य, संस्कृति र महाकवि विद्यापतीको महत्व झल्कने झाँकीका साथ प्रर्दशन गर्दै नगर परिक्रमा गरिएको थियो ।




बाजागाजासहित निस्केको झाँकीका क्रममा मिथिला क्षेत्रमा लोप हुन लागेको ढोल, पिपही, काठे हलो, जुवा, घोड सवारी, गोरुगाडा, कोसेली लैजाने प्रयोग गरिने बाँसको भार लगायतको समेत प्रर्दशन गरिएको थियो ।

मैथिली साहित्य परिषद सप्तरीको अगुवाईमा गरिएको झाँकी प्रर्दशन कार्यक्रममा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, निर्माण व्यवसायी संघ, विभिन्न संघ संस्थाका प्रतिनिधी, विद्यार्थी, पत्रकार लगायत सर्वसाधारण समेत सहभागी थिए ।

नगर परिक्रममा पश्चात् झँकी जिल्ला समन्वय समितीको सभाकक्षमा पुगी श्रद्धाञ्जली सभा, सास्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण समारोहमा परिणत भएको थियो ।

मैथिली साहित्य परिषद सप्तरीका अध्यक्ष अवधेश कुमार झाको अध्यक्षतामा आयोजित सभामा जिल्ला सम्वय समितिका प्रमुख शिव नाराण साह, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, मैथिली साहित्य परिषदका पुर्व अध्यक्षद्वय विष्णु मण्डल, अशोक कुमार झा लगायतले मैथिली भाषा, सहित्य र संस्कृतिको जर्गेनाका लागी आ-आफ्नो सुझाव दिएका थिए ।

यस अघि तीन दिवसीय स्मृति पर्व समारोह अन्तर्गत पहिलो दिन मंगलवार मैथिली युवा परिषदद्वारा रक्तदान र मैथिली विद्यार्थी परिषदद्वारा कवि गोष्ठी तथा दोश्रो दिन बुधवार मैथिली पत्रकार परिषदद्वारा सरकारी कामकाजका भाषा मैथिली किन ? विषयक विचार गोष्ठिको आयोजना गरिएको थियो ।

मैथिली मुलुक कै दोश्रो सबैभन्दा बढी बोलिने भाषा हो । मधेश प्रदेशमा झण्डै ४१ प्रतिशत नागरिकको मातृ भाषा मैथिली रहेको परिषदले जनाएको छ ।

# सप्तरीको दुई वडामा उपनिर्वाचन

**राजविराज**/सप्तरीको एउटै पालिकाको दुई वटा वडामा आउँदो मंसिर १६ गते उपनिर्वाचन हुँदैछ । जिल्लाको डाक्नेश्वरी नगरपालिकाको वडा नं. १ र ४ का वडाअध्यक्षको मृत्यु भएपछि उक्त वडामा उपनिर्वाचन हुन गइरहेको हो ।

निर्वाचन हुन लागेको ती दुबै पदमा यस अघी काँग्रेसका क्रमशः प्रितमलाल चौधरी र हरि प्रसाद राय चुनाव जितेका थिए । चौधरी र राय दुबैको निधन भएका कारण रित्त हुन गएको पदका लागी उपनिर्वाचन हुन लागेको हो ।



मंसिर १६ गते हुने उपनिर्वाचनका लागी निर्वाचन कार्यालयले मंसिर २ गते उम्मेदवारको मनोनयन पत्र दर्ताको कार्यतालिका सार्वजनिक गरेकाले दलहरु अहिले उम्मेदवार छान्न र आ-आफ्नो पक्षमा माहौल बनाउन ब्यस्त छन ।

उपनिर्वाचन हुने डाक्नेश्वरी नगरपालिकाको वडा नं. १ मा २ हजार ६ सय ३५ र वडा न ४ मा १ हजार २ सय ८१ मतदाता छन । निर्वाचनका लागी कुल ३ मतदान स्थल र ५ मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले जानकारी दिए । मंसिर १६ गते आईतवार विहान ७ बजेदेखी अपराह्न ५ बजे सम्म मतदान हुने जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीले पनि उपनिर्वाचन भयरहित वातावरण तथा शान्तिपुर्ण ढंगले सम्पन्न गर्न आवश्यक सुरक्षा प्रबन्धबारे तयारी गरिरहेको जनाएको छ । प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडालले उपनिर्वाचनमा सुरक्षा चुनौती, आवश्यक प्रहरी जनशक्ती, मतदान केन्द्र र मतदान स्थललाई विश्लेषण गरेर निर्वाचन सुरक्षा रणनीति बनाउन लागिएको बताए ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

अनुरोधकर्ता
सप्तकोशी नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

# बढ्दो छ वैदेशिक ऋण

**डिल्लीराम मिश्र 'कलमजीवी'**

विश्वका शासन प्रणालीअन्तर्गत फरक-फरक संरचनामा आबद्ध रहेका देशहरुले समाजवादी अर्थ-व्यवस्थामा तद्सम्बन्धी वित्तीय संस्थाहरुलाई यसको आधारभूत खम्बाको रुपमा लिएका छन् । अझ भनौं मुलुकको अर्थतन्त्रलाई दिगोरुपमा आडभरोसा दिन सक्ने यी औजारहरु हुन्, तर विगतमा निर्माण भएका देशका यस्ता वित्तीय भौतिक औजारहरु निजीकरण र उदारीकरणको नाउँमा कौडीको मूल्यमा समाप्त पारियो, जसको कारण आज आम नेपाली युवाहरु रोजगारीको खोजीमा बाध्य भएर विदेश पलायन भएका छन् र भइरहेकै छन् । मुलुकको लागि यो शुभ सङ्केत किमार्थ हुँदै होइन ।

मुलुकको अर्थतन्त्रमा सुधारसहितको एजेन्डा लिएर गत असारमा कांग्रेस र एमालका बीच गठबन्धन सरकार गठन भए पनि चालू आवको साउन-भदौ महिनामा देशको राजस्व सङ्कलन ऋणात्मक रहेको छ । नयाँ सरकार गठनसँगै देशमा राजनीतिक स्थिरता कायम हुने र देशको वित्तीय क्षेत्रमा समेत सुधार हुने अपेक्षा सरकार पक्षको दाबी रहे पनि व्यवहार भने निराशाजनक छ । चालू आर्थिक वर्ष २०८१-०८२ को पहिलो तीन महिना असोजसम्म एक खर्ब ३६ अर्ब ३२ करोड रुपियाँ सार्वजनिक ऋण थपिएको छ । सार्वजनिक ऋण व्यवस्थापनको मासिक प्रतिवेदनअनुसार २०८१ असोजसम्म मुलुकको सार्वजनिक ऋण २५ खर्ब २८ अर्ब ६२ करोड रुपियाँ पुगेको छ ।

सन् १९९० को दशकको प्रारम्भमा प्रजातन्त्रको पुनर्स्थापनापछि विकासको नाममा नेपाललाई ऋणको भारी बोकाउने परिपाटी शुरु भएको हो । आज नालायकी शासकहरुको राज्यसत्ता सञ्चालनमा भएको चरम असफलताको कारण नेपाललाई वैदेशिक ऋणको चङ्गुलबाट उठ्नै नसक्ने गरी दलदलमा धसाएका छन् । यही अनुपातको गतिमा ऋण थपिँदै जाने हो भने चालू आवको असारसम्म देशको कुल वैदेशिक ऋण ३० खर्वभन्दा बढी हुने निश्चित देखिन्छ। यसरी तिर्न बाँकी सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन अर्थात् जीडीपीको ४४.३२ प्रतिशत रहेको छ । यो अवस्था विगत आव २०३१-०३२ मा यसको प्रभाव ५.७ प्रतिशत रहेको थियो । सार्वजनिक ऋणतर्फ आन्तरिक जीडीपीको २१.६६ र बाह्य २२.६६ प्रतिशत रहेको छ। यस अवधिमा आन्तरिक ऋण १२ खर्ब ३६ अर्ब र बाह्य ऋण १२ खर्ब ९२ अर्ब रुपियाँ रहेको छ ।

यस्तो सार्वजनिक ऋण अहिले प्रत्येक नेपाली नागरिकको थाप्लोमा झन्डै ८७ हजार रुपियाँ पर्न आउँछ । यसरी ऋणमार्फत जुटाएको रकम उत्पादनमूलक राम्रो प्रतिफल दिने क्षेत्रमा लगानी नगरिएमा देशमा वित्तीय समस्या सिर्जना हुने मात्र हैन, बिजुली चम्केसरिको गतिमा आएको सार्वजनिक ऋणले कहाँ पुगेर विश्राम लिने हो, जसको भविष्य अन्धकारमा छ । देशमा सार्वजनिक ऋणको प्रयोग र उपयोग सामान्यरुपमा पनि विवेकसम्मत तरिकाबाट बिल्कुलै हुन सकेको देखिँदैन । यो वित्तीय अनुशासनभन्दा बाहिर गएको छ । गतआव २०८०-०८१ मा देशको जीडीपी ५७ खर्ब ५ अर्ब रुपियाँ पुगेको प्रक्षेपण गरिएको छ । निरन्तर बढ्दो वैदेशिक ऋणले देशको अर्थतन्त्रमा जोखिम सिर्जना गर्न सक्ने नकारात्मक सङ्केत देखिएको आधारसँग वहुमत अर्थविद्हरु सहमत देखिन्छन् ।

नेपालको आधुनिक विकास प्रक्रियामा वैदेशिक सहायताको गहन भूमिका रहँदै आएको छ । विशेष गरी २००७ सालको परिवर्तनपश्चात् २००८ मा तत्कालीन अर्थमन्त्री सुवर्णशमशेर जबराले नेपालको पहिलो अनुमानित बजेट ५ करोड २५ लाख ३९ हजार रुपियाँ बराबरको बजेट रेडियो नेपालमार्फत पढेर सार्वजनिक गरेका थिए । त्यसै गरी २००९ सालमा नेपाल-भारत सहयोगअन्तर्गत काठमाडौंस्थित गौचरन विमानस्थल सुधारका लागि आर्थिक सहयोग प्राप्त भएको थियो । नेपालको पहिलो पञ्चवर्षीय योजना २०१३-२०१८ सम्म यसको सम्पूर्ण विकास निर्माण वैदेशिक सहयोगबाटै गरिएका थिए । सर्वप्रथम नेपालले राष्ट्र ऋण उठाउने ऐन २०१७ जारी गरेपछि पहिलोपल्ट २०१८ सालमा सरकारले आन्तरिक ऋण उठाएको देखिन्छ । नेपालले २००८ सालमा प्रस्तुत गरेको पहिलो बजेटदेखि नै वैदेशिक सहयोग लिन थाले पनि बाह्य ऋण भने आर्थिक वर्ष २०२०त्यस्-०२१ देखि लिन थालेको देखिन्छ ।

आव २०७१-०७२ सम्म नेपालको सार्वजनिक ऋण ६ खर्ब रुपियाँभन्दा तलै रहेको थियो, तर अहिले रु. २६ खर्ब पुगेको छ। संवत् २०३६ सालसम्म नेपालको विकास बजेटमा वैदेशिक ऋणभन्दा वैदेशिक अनुदान बढी थियो, तर त्यसपछि अनुदान घट्ने र ऋण पढ्ने क्रम जारी रह्यो । अहिलेको नेपाल सरकारले अन्तर्राष्ट्रिय जगत्मा गुमाएको विश्वासको कारण वैदेशिक अनुदान घटेर शून्यताको स्थितिमा पुगेको एवम् वैदेशिक ऋण बिजुली चम्केसरिको गतिमा चुलिएको छ। नेपालजस्ता मुलुकको लागि वैदेशिक अनुदान आउनु अत्यन्त सकारात्मक पक्ष हो । देशको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सार्वजनिक ऋण लिने विश्वका १९० वटा राष्ट्रमध्ये नेपालको स्थान १४९ औंमा रहेको छ। आव २०३१-०३२ सम्म नेपालको सार्वजनिक ऋण ९४ करोड रुपियाँ रहेको देखिन्छ भने त्यसयताका एकदशमा सार्वजनिक ऋण औसत प्रतिवर्ष ३२.४ प्रतिशतले बढेको छ । आव २०४६/०४७ सम्म नेपालको सार्वजनिक ऋण ३० अर्ब ७० करोड रहेको थियो, तर चालू आवको भदौसम्म २५५० अर्ब रुपियाँ पुगेको छ । त्यसैले सीमा नाघेर सार्वजनिक ऋणको दुरुपयोग गर्नु अपराध मानिन्छ, तर नेपालमा सधैँ चरम दुरुपयोग भइरहेको छ । देशको विदेशी मुद्रा आम्दानीको स्रोत, ऋणको उत्पादनशील प्रयोग र यसको व्यवस्थापनको क्षमता आदि कारणले सार्वजनिक ऋणको सीमा निर्धारण गर्दछ ।

मुलुकभित्रको अर्को कहालीलाग्दो स्थिति के भने, युवा रहेन मुलुक रहने हो, यदि युवा जनशक्ति नै पलायन भइरहँदा देश कसरी सक्षमरुपमा बच्न सक्छ ? प्रश्न यहाँ छ । त्यसैले युवावर्गलाई स्वदेशमै रोजगारको अवसर सिर्जना गर्न सक्नु उत्तम सरकारको दायित्वभित्र पर्दछ । स्वदेशको मायाममता कहिल्यै पनि बिरानो र रुखो हुँदैन भन्ने वस्तुतथ्यलाई मनन गरी युवा स्वयंले पनि प्रभावकारी भूमिका खेल्न सक्नुपर्दछ । अहिलेकै युवा पलायनको गतिलाई हेर्ने हो भने अबका दिनमा गाउँ मात्र हैन, केही वर्षमा शहरका घरहरुसमेत खाली हुने अवस्थामा पुग्नेछन् । देशको यस्तो विकराल अवस्थालाई समयमै ध्यान दिन सकिएन भने देशले पछुताउनुबाहेक अरु केही हुनेछैन । राष्ट्रले विश्वसामु आफ्नो विश्वास र इमानदारिता गुमाएपछि पुनः विश्वास आर्जन गर्न निकै कठिन हुन्छ, नेपालको आजको अवस्था ठीक यस्तै छ । विगतको शासनकालमा अन्तर्राष्ट्रिय सम्बन्ध र विश्वास कस्तो थियो ? त्यति बेलाका सम्मेलन र परिदृश्यहरुलाई हेर्न पुगियो भने नेपालीको शिर गर्वले ठाडो हुन्छ, तर आज रुझेका बिरालाजस्ता प्रधानमन्त्री र अर्थमन्त्रीलाई कसले विश्वास गर्ने ? समय-समयमा हाम्रा मित्रराष्ट्रहरुले निर्माण गरिदिएका उद्योगधन्दा, कलकारखानाहरु सबै कौडीको मूल्यमा बेचेर खाने अनि तिनै राष्ट्रहरुसमक्ष भिख माग्दै लगानी सम्मेलन गर्ने सरकारमाथि नैतिक प्रश्न उठेको छ । मुलुक उत्पादन, आत्मनिर्भर र प्रगतिको उद्योगशाला बन्न सक्नुपर्थ्यो, तर भ्रष्टाचार र भ्रष्ट शासकहरुको प्रयोगशाला बनेको छ । देशको वित्तीय अर्थतन्त्र यही प्रयोगशालाको भुङ्ग्रोमा कैद भएको छ । त्यसैले सबैतिरबाट प्रताडित नेपाली जनतामा यो सरकारप्रति एकरति पनि विश्वास पलाएको देखिँदैन ।

आज देशमा उत्पन्न अर्थतन्त्रका अनेक चुनौतीहरुमध्ये सबै खाले विकास आयोजना कार्यान्वयनमा गरिने विकास बजेट समयमा खर्च गर्न नसक्नु एक गम्भीर अवस्था हो । कुनै पनि इमानदार नेतृत्वको सोच लगभग सधैँ न्यायपूर्ण हुन्छ भनेजस्तै विकास बजेट खर्च र सदुपयोग हुन नसक्नुका पछाडि त्यसको नैतिक जिम्मेवार कसले लिने ? त्यसैले एक पाश्चात्य अर्थशास्त्रीको तर्क छ- बजेटमा सधैँ देश तथा जनताको प्राथमिकता, आवश्यकता र मूल्य-मान्यता झल्किनु अपरिहार्य छ। देशमा पूँजी निर्माण एवम् रोजगारका प्रचूर अवसरहरु सिर्जना गर्ने पूँजीगत खर्चको अवस्था अत्यन्त नाजुक छ। एकातिर देशमा कलकारखाना बन्द छन् भने अर्कोतर्फ साना उद्यमी व्यवसायीहरुको उठिबास भएको छ, जसको असर राजस्व सङ्कलनमा सीधै परेको छ। देशको मृत प्रायः राजनीति र अर्थतन्त्रका सबै सूचाङ्कहरुको बिग्रँदो अवस्था एवम् कर्मकाण्डीय समाधानले मात्र मृत्युशैयामा रहेको अर्थतन्त्रलाई उठाउन चुनौतीपूर्ण छ । भ्रष्टाचार र लुटको संस्कृतिलाई आत्मसात् गरेका आजका यी शासकवर्गले यो तथ्यलाई कहिल्यै पनि बुझेनन् र बुझ्ने प्रयास पनि गरेनन् । नागरिक बेच्ने शासकहरु भन्दै लेखक यादव देवकोटा कान्तिपुरमा लेख्छन्- यस्तो लाग्छ, अब शासकहरुले बेच्न बाँकी केही छैन, देशै लिलाममा राख्नेबाहेक । हामी संसारकै गरिब, दरिद्र र हीनतर त छँदै थियौँ । देशको स्वाभिमानसमेत लिलाममा चढाउनेहरुलाई पालैपालो सत्ताको गजुर पहिऱ्याउने संसारका निकम्मा मानिसहरुमा समेत दर्ज भएका छौं ।

मुलुकको विकास र वैदेशिक ऋणभार कम गर्ने हो भने सर्वप्रथम सेतो हात्तीको रुपमा रहेका प्रदेशहरुलाई अविलम्ब खारेज गर्नुपर्छ। सङ्घीय र स्थानीय सरकारबाटै देशको विकास सहज र सम्भव छ। प्रदेश सरकारहरु त केवल जनता र मुलुकमारा मात्रै भएका छन्। यति सानो देशमा सातवटा प्रदेश एक सयभन्दा बढी मन्त्री र त्यही सङ्ख्यामा मन्त्रालयहरु, ५५० जना सांसद, प्रदेशप्रमुख, सभामुख, उपसभामुख, संसदीय दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक र उनीहरुका सल्लाहकार, निजी सचिव आसेपासे, नातागोता र झोलेझाम्टेहरु गरी झन्डै पाँच हजारको सङ्ख्यामा रहेका यस्ता मठाधीशहरुले प्रदेश सरकारको नाउँमा देशमा ब्रह्मलुट मच्चाउने काम गरिरहेकै छन् ।

आजसम्मको प्रदेश

***बाँकी चार पृष्ठमा***






# स्थानीय तह उपनिर्वाचनका लागि बिहान १० देखि अपराह्न ५ बजेसम्म मनोनयन दर्ता हुँदै

**काठमाडौँ**/यही मङ्सिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि आइतबार मनोनयन पत्र दर्ता हुँदैछ। बिहान १० देखि अपराह्न ५ बजेसम्म सम्बन्धित स्थानीय तहमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले राससलाई जानकारी दिनुभयो।

सोही दिन साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ। उम्मेदवारको मनोनय दर्ताको सम्पूर्ण तयारी पूरा भएको आयोगले जनाएको छ। उपनिर्वाचनका लागि शुक्रबार ३८ वटा निर्वाचन अधिकृतका कार्यलय स्थापन भएका छन्। उपनिर्वाचन हुने स्थानीय तहमा ३२ वटा मुख्य निर्वाचन अधिकृतको कार्यालय र छ वटा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको निर्वाचन आयोगले जनाएको छ।

उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तह तथा वडाको केन्द्र रहेको स्थानमा निर्वाचन अधिकृतका कार्यालय स्थापना गरिएको आयोगका प्रवक्ता अर्यालले जानकारी दिनुभयो। मङ्सिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ।

मङ्सिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने छन्। सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ। मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ।

विभिन्न कारणले स्थानीय तहमा रिक्त जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख र उपप्रमुख एक/एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदमा निर्वाचन हुँदैछ।

निर्वाचन आयोगका अनुसार ओखलढुङ्गा र कैलालीका जिल्ला समन्वय समिति प्रमुख, काठमाडौँको कीर्तिपुर नगरपालिकाका प्रमुख, जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, मोरङको ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष तथा दोलखाको गौरीशङ्कर गाउँपालिका, रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका-३, झापाको कन्काइ नगरपालिका वडा नं ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपलिका वडा नं ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहटको ईशनाथ नगरपालिका वडा नं ७, राजपुर नगरपालिका वडा नं ६ र गढीमाई नगरपालिका वडा नं ८ को वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

काठमाडौँको कीर्तिपुर नगरपालिका वडा नं १ र ४, काठमाडौँ महानगरपालिका वडा नं १६, नुवाकोटको ककनी गाउँपालिका वडा नं २, मकवानपुरको हेटौँडा नगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४, रुकुम (पूर्वी) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं २ र कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं १ का वडाध्यक्ष पदमा निर्वाचन हुने आयोगका सूचना अधिकृत सुमन घिमिरेले राससलाई जानकारी दिनुभयो।

दैलेखको दुल्लु नगरपालिका वडा नं १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं ४, जाजरकोट कुशे गाउँपालिका वडा नं ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ का वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उपपप्रमुख र वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पदपूर्ति हुने व्यवस्था छ।

**पुरुषले कार्यभार सम्हालेका स्थानीय तहमा महिला उम्मेदवार**

आयोगले २०७९ सम्पन्न स्थानीय तह निर्वाचनमा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख पदमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हाली रहेका स्थानीय तहको रिक्त पदमा महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेस गर्न राजनीतिक दललाई निर्देशन दिएको छ।

आयोगको निर्देशनअनुसार जिल्ला समन्वय समिति कैलाली, जाजरकोटको नलगाढ नगरपालिका उपप्रमुख, दोलखाको गौरीशङ्कर, हुम्लाको सर्केगाड, बाजुराको स्वामीकार्तिक खापर र रुकुम पूर्वका पुथाउत्तरगङ्गा गाउँपालिकाको उपाध्यक्ष पदमा महिलाको मात्र उम्मेदवारी दर्ता हुनेछ।

आसन्न स्थानीय तह उपनिर्वाचनमा मनोनयन हुने उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी प्रावधानको पालना गर्न राजनीतिक दल र निर्वाचन अधिकृतको कार्यालयलाई आयोगले निर्देशन दिइसकेको छ। आयोगले २१ वर्ष उमेर पूरा भएको, उपनिर्वाचन हुने गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको तथा कुनै कानुनले अयोग्य नभएको उम्मेदवारको मात्र मनोयन दर्ता गर्न निर्देशन दिएको हो।

आयोगले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १२ बमोजिम अयोग्य भएको व्यक्ति, गैरनेपाली नागरिक वा नेपालको नागरिक नभएको व्यक्ति र नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्तिलाई स्थानीय तह उपनिर्वाचनमा उम्मेदवार मनोनयन नगर्न निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ।

यसैगरी कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्ति, निर्वाचनसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको व्यक्ति उम्मेदवार बन्न नपाउने आयोगले जनाएको छ।

भ्रष्टाचार, जबरर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्मकैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्तिको मनोनयत दर्ता हुने छैन।

सङ्गठित अपराधसम्बन्धी कसुरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको व्यक्ति, जातीय भेदभाव तथा छुवाछूत, बोक्सी वा बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको व्यक्ति पनि उम्मेदवार बन्न नपाउने व्यवस्था छ।

कानुनबमोजिम कालोसूचीमा रहेको व्यक्ति कालोसूचीमा रहेको अवधिभर, कुनै कसूरमा कैदमा बसेको व्यक्ति कैद बसेको अवधिभर, मानसिक सन्तुलन ठीक नभएको र प्रचलित कानूनले अयोग्य भएको व्यक्तिको मनोयन दर्ता नहुने आयोगले स्पष्ट पारेको छ। जिल्ला समन्वय समितिको उपनिर्वाचनको हकमा प्रचलित कानुनबमोजिम निलम्वनमा रहेका पदाधिकारी उक्त अवधिभर उम्मेदवार हुन नपाउने व्यवस्था गरिएको आयोगले जनाएको छ।

**कुन उम्मेदवारले कति खर्च गर्न पाउँछन् ?**

निर्वाचन आयोगले उम्मेदवारको मनोयनपत्र दर्ता भएको मितिदेखि निर्वाचन परिणाम घोषणा भएको अवधिसम्म उम्मेदवारले गर्न पाउने खर्चको हद तोकेको छ। नगरपालिकाका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले रु चार लाख ५० हजार, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष पदका उम्मेदवारले रु तीन लाख ५० हजार, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखका उम्मेदवारले रु ५० हजारसम्म खर्च गर्न सक्नेछ।

महानगरपालिकाका वडाध्यक्ष पदका उम्मेदवारले रु तीन लाख, नगरपालिका वडाध्यक्ष पदका उम्मेदवारले रु दुई लाख र गाउँपालिकाका वडाध्यक्षले रु एक लाख ५० हजार खर्च गर्न सक्नेछ। उपनिर्वाचनका लागि आयोगमा २५ राजनीतिक दल दर्ता भएका छन्। रासससबाट

---

## बढ्दो छ ...

सरकारको अवस्थालाई हेर्दा यो पूर्णरुपमा असफल भएको छ। सेतो हात्ती पाल्नको लागि प्रदेश सरकारले अन्धाधुन्ध कर उठाएर जनतालाई प्रताडित गर्र्ने काम गरेको छ, तर जनतालाई केही सुविधा छैन। मुलुकको अर्थतन्त्र सम्पूर्णरुपले आयात निर्भर हुन पुगेको नालायिकी सरकारको प्रतिफल हो। राज्यसत्ता सञ्चालकहरुबाटै देशको अर्थतन्त्र सङ्कटमा परेका दर्जन उदाहरण छन्।

देशमा गणतन्त्र स्थापना भएयताका १८ वर्षमा १४ वटा सरकार र १८ पटक अर्थमन्त्री फेरिए, जसमध्ये १२ पटक प्रधानमन्त्रीको निकट रहेकाहरु अर्थमन्त्री बने, तर देशको अर्थतन्त्रबारे विश्वविद्यालयबाट कुनै पनि औपचारिक शिक्षा नलिएका, अक्सर आर्थिक पंद्धति र नेपाली अर्थतन्त्रको संरचनाबारे सामान्य ज्ञानसम्म नभएकाहरु देशको अर्थमन्त्री बनेपछि मुलुकको जीडीपी कसरी वृद्धि हुन सक्छ ? सत्ता स्वार्थका कारण पटक-पटक राजनीति अस्थिरता रहँदा अन्तर्राष्ट्रिय जगत्मा समेत नेपालको साख र शान दुवै गिरेको छ।

पटक-पटकका नालायकी सरकारको कारण देशको व्यापारघाटा १८ खर्ब रुपियाँ पुगेको छ, जुन एक दशकअघि रु. ५ खर्ब ३६ अर्ब २३ करोड मात्र थियो। अत्यावश्यक वस्तु मात्र हैन, विलासिताका वस्तुको उच्च आयातले व्यापारघाटा चुलिएको छ। वित्तीय अनुशासनहीनताको पराकाष्ठा आर्थिक सीमाभन्दा बाहिर गएर खर्च गर्ने प्रवृत्तिले देशको बेरुजु रु. १४ खर्बको हाराहारीमा पुगेको छ। सरकारको नेतृत्व लिने प्रधानमन्त्रीद्वारा बेरुजु असुल गर्ने कुनै एउटा सक्षम निकायको कल्पनासम्म पनि नगर्नु राजनीतिक पाखण्डबाहेक अरु के नै हुन सक्छ ?

देशको सार्वजनिक ऋणसम्बन्धमा एउटा रोचक प्रसङ्ग छ- जनआन्दोलन २०४६ को क्रममा केही नेताहरुले लैनचौरको एक आमसभालाई सम्बोधन गर्दै उग्र भाषणमा भनेका थिए- देशको वैदेशिक ऋण २९ अर्ब पुगिसक्यो, अब राजा भागेर विदेश जान्छन्, त्यो सबै ऋण देशले कहिले तिर्ने भनिरहँदा त्यसयताका ३५ वर्षमा देशको कुल ऋण २५.५ खर्ब नाघेको छ, तर यता राजा यहीँ थिए र छन्, के आरोप लगाउनेहरुसँग आज यसको जवाफ छ ? नेपाली जनता यही प्रश्न गरिरहकै छन्। देशमा सार्वजनिक ऋण जतिसुकै बढोस्, सत्ताधारीहरुमा कुनै प्रकारको चिन्ता र चासो देखिँदैन। देश र जनता जहाँसुकै पुगून्, त्यसको अलिकति पनि मतलब छैन। 'आफू सत्ता र प्रतिपक्षमा रहुन्जेल राष्ट्रिय सम्पत्तिको चरम दोहनसहित मोजमस्ती गरिरहूँ' भन्ने चरित्रको विकास भएको छ यहाँ। न्युजअफ नेपालबाट

---


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु। - जोर्नी र मांशपेशीहरुमा असहय् पीडा हुनु। - आँखाको गेडी दुख्नु। - अत्याधिक टाउके दुख्नु। - शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं। - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं। - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं। - पानी राखेको भाँडालाई छोपेर राखौं। - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**अनुरोधकर्ता : राजगढ गाउँपालिका, सप्तरी**

# फरार प्रतिवादी पक्राउ पर्ने क्रम बढ्दै

**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीले चालु आव २०८१/०८२ को असोज देखी कार्तिक १७ सम्म (जम्मा ३० दिन) एक महिनाको अवधीमा ६६ जना फरार प्रतवादीलाई पक्राउ गरेको छ। जसबाट ३ लाख ३१ हजार ८ सय ६१ रुपैया जरिवाना तथा ४ वर्ष २ महिना ११ दिन कैद भुक्तानका लागी कारागार चलान गरिएको थियो।

यस बाहेक प्रहरीको फरार सूचिमा अहिले ३ हजारको हाराहारीमा अभियुक्त रहेका प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिदै जसको खोजी कार्य तिब्र बनाइएको छ।

प्रहरीले फरार अभियुक्तमाथी कडा निगरानी र अनुसन्धान बढाएसँगै विभिन्न अपराधका अभियुक्त पक्राउ पर्ने क्रम बढेको हो। यसैबीच प्रहरीले बुधबार तीन दिनमा २१ जना फरार अभियुक्तलाई पक्राउ गरेको छ।

पछिल्लो तीन दिन यता पक्राउ पर्नेहरुमा कुटपिटका सर्वाधिक १२ जना छन। यस्तै लुटपीट र चोरीका २/२ तथा जबरजस्ती करणी, जालसाजी, गाली बेइज्जत, सवारी ज्यान, ज्यान मार्ने उधोगका १/१ अभियुक्त रहेका छन।

अपराध घटनाको अनुसन्धान तथा अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा फरार भइ लुकिछिपी वसेकाहरु सुराकी र निगरानी बढाएसँगै धमाधम पक्राउ पर्न थालेको प्रहरी उपरिक्षक खतिवडाले जानकारी दिए।

यसरी पक्राउ परेकाहरबाट ५ वर्ष ६ महिना कैद सजाय वसुलका लागी कारागार चलान गरिएको छ भने १ लाख २४ हजार १ सय ५० रुपैया जरिवाना समेत असुल गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए।

विगतका वर्षहरु भन्दा यो वर्ष फरार अभियुक्तको सूचीमा रहेका धेरै व्यक्ती पक्राउ परेको प्रहरी तथ्याङ्ले देखाएको छ।

# चोरी पैठारीको सामान बरामद

**राजविराज**/प्रहरीले चोरी पैठारी गरी ल्याइएका २ लाख ५० हजार भन्दा बढीका मालसमानसहित एउटा मोटरसाईकल नियन्त्रणमा लिएको छ।

मंगलवार विहान राजविराज नगरपालिका वडा नं १२ स्थित झल्ही नहर सडक खण्डमा चेकजाँचको क्रममा प्रहरीले भारतीय सीमावर्ती बजारबाट भन्सार छली ल्याइएका १ लाख ६६ हजार ५ सय रुपैया बराबरको रेडिमेड कपडा (जर्सी) ३ सय ३३ थान बरामद गरेको हो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरिक्षक जीतेन्द्र कुमार वस्नेतका अनुसार बोरामा राखेर ल्याउँदै गरेका तस्करहरु प्रहरी देख्नासाथ बोरा फालेर भागेका थिए।

प्रहरीको अर्को टोलीले राजविराज नगरपालिका ६ स्थित राममन्दिर चोकमा चेकजाँचको क्रममा भारतबाट भन्सार छली ल्याएको १ लाख १ हजार ९ सय १० रुपैया मूल्य बराबरको चिनी, विस्कुट, बटर लगायतका सामग्री बरामद गरेको समेत उनले जानकारी दिए।

नम्बर नखुलेको मोटरसाईकलमा राखेर ल्याउदै गर्दा चेकजाँचमा प्रहरी खटेको देखेपछी समान सहित मोटरसाईकल छाडेर तस्करहरु भागेको प्रहरी नायब उपरिक्षक वस्नेतको भनाई छ।

बरामद समान र मोटरसाइकल राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।


# चुरे संरक्षण गरौं

चुरे पहाडको सबैभन्दा उत्तरमा रहेको महाभारत पर्वत सीमादेखि दक्षिणमा नेपाल भारतको सिमाना सम्मको चुरे, भावर र तराई भूमिलाई चुरे क्षेत्र भनिन्छ। हिमालय पर्वत श्रृङ्खलाबाट बगेर आएका सामग्रीले बनेको सब भन्दा कान्छो, कमलो र कमजोर पर्वत श्रृङ्खला रहेको क्षेत्र हो। तराई-मधेश र भित्री तराईका जिल्लाहरुको वातावरणीय सन्तुलन कायम गर्न ठूलो योगदा दिएको छ।

चुरे विनासको प्रमुख कारण अव्यवस्थित बसोबास, वन अतिक्रमण, वन डढेलो, खुला चरिचरण र नदी जन्य पदार्थको दोहन, अनियन्त्रित भौतिक पूर्वाधार निर्माण भू-क्षय हो। चुरे नासिनु भनेको तराई मधेशको मानव जीवन सङ्कटमा पर्नु हो। चुरे क्षेत्रमा पोखरी निर्माण गरी जल सञ्चय, वृक्षारोपण र पानीका स्रोतहरु पुनसिर्जना तथा नदी प्रणाली संरक्षण गर्नु आवश्यक छ। चुरेलाई मरु भूमिकरण हुनबाट जोगाउन आजैदेखि जुटौं।

**डिभिजन वन कार्यालय**

**राजविराज, सप्तरी**



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**

**शम्भुनाथ नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

सप्तरी, मधेश प्रदेश


# अन्तर्राष्ट्रिय समाचार

## भारतीय अस्पतालमा आगलागी हुँदा दश नवजात शिशुको मृत्यु

**नयाँदिल्ली**/भारतीय अस्पतालमा आगलागी हुँदा दश जना नवजात शिशुको मृत्यु हुनुका साथै अन्य १६ शिशुको अवस्था गम्भीर रहेको अधिकारीहरूले शनिबार बताएका छन्। अधिकारीका अनुसार शुक्रबार राति करिब १०:३० बजे झाँसीको महारानी लक्ष्मीबाई मेडिकल कलेजको एनआईसियुमा आगलागी भएको थियो। घटनास्थलको फुटेजमा वार्डभित्र जलेको विस्तरा तथा पर्खालहरू देखिएका थिए भने आक्रोशित परिवारहरू अस्पताल बाहिर पर्खिरहेका थिए। यसै गरी आगलागीबाट उद्धार गरिएका बच्चाहरूलाई सुरक्षित ठाउँमा राखिएको थियो।

आगलागीको घटनामा दश जना शिशुको दुखद मृत्यु भएको उत्तर प्रदेशका उप मुख्यमन्त्री ब्रजेश पाठकले पत्रकारहरूलाई बताउनु भएको छ। उहाँका अनुसार सातवटा शवको पहिचान भइसकेको छ भने तिन वटा शवको अहिलेसम्म पहिचान हुन सकेको छैन। आगलागीको कारणबारे अनुसन्धान गरि जिम्मेवारहरू विरुद्ध कडा कारबाही गरिने पाठकले जनाउनु भएको छ। प्रमुख जिल्ला अधिकारी अविनाश कुमारले युनिटमा विद्युतीय सर्टसर्किटका कारण आगलागी भएको बताउनु भएको छ।

गम्भीर घाइतेहरूलाई चिकित्सा सेवा प्रदान गरिरहेको प्रमुख जिल्ला अधिकारी अविनाश कुमारलाई उद्दृत गरी हिन्दुस्तान टाइम्सले जनाएको छ। स्थानीय सञ्चार माध्यमले अधिकारीहरूलाई उद्धृत गर्दै वातावरणमा अक्सिजनको स्तर बढाउन प्रयोग गरिने मेसिनरीको टुक्रामा आगलागी भएको जनाएका छन्।

प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल एक्स मार्फत बालबालिकाको मृत्युलाई 'हृदयविदारक' घटना भन्दै निर्दोष सन्तान गुमाउनेहरूप्रति समवेदना व्यक्त गर्नु भएको छ। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले शोकाकुल परिवारलाई पाँच लाख रुपैयाँ क्षतिपूर्ति दिने घोषणा गर्दै सम्बन्धित अधिकारीहरूलाई राहत र उद्धार कार्य गर्न निर्देशन दिनु भएको छ। एजेन्सी

## रूसद्वारा अमेरिकामा युरेनियम निर्यात प्रतिबन्ध

**मस्को**/रूसले संयुक्त राज्य अमेरिकामा युरेनियम निर्यातमा अस्थायी प्रतिबन्ध लगाएको रूसी सरकारले जनाएको छ। स्रोतका अनुसार प्रतिबन्धहरू अमेरिकामा निर्यात तथा अमेरिकी क्षेत्राधिकारमा दर्ता भएका संस्थाहरूसँग विदेशी व्यापार सम्झौता अन्तर्गत लागू हुने छन्। प्राविधिक र निर्यात नियन्त्रणको लागि संघीय सेवाले जारी गरेको इजाजतपत्र अन्तर्गत वितरण गर्न अनुमति दिइने छ।

प्रतिबन्धले युरेनियमको लागि रूसमा निर्भर अमेरिकाको आणविक उर्जा आपूर्तिमा अभाव खडा गर्ने आकलन गरिएको छ। अमेरिकी राष्ट्रपति जो बाईडेनले गत मे महिनामा हस्ताक्षर गरेको सन् २०४० सम्म रूसी युरेनियम आयातमा प्रतिबन्ध लगाउने अमेरिकी कानून पछि यो कदम चालेको जनाइएको छ। अमेरिकी तथ्याङ्का अनुसार यस वर्ष रुसी युरेनियमको कुल खरिद ५७४ मिलियन डलर पुगेको छ जुन अघिल्लो बर्षको तुलनामा लगभग ३२ प्रतिशतले कम हो। एजेन्सी

## इजरायली निकासी आदेश पछि दक्षिण बेरुतमा पुनः आक्रमण

**लेबनान**/इजरायली सेनाले निकासी आदेश जारी गरेको केही समय पछि लेबनानको राजधानी बेरुतको दक्षिणी उपनगरमा शनिबार पुनः आक्रमण भएको एएफपिटिभीले जनाएको छ।

इजरायलले हिजबुल्लाहको गढ रहेको सहरको दक्षिणी उपनगरहरूमा मङ्गलबारदेखि निरन्तर आक्रमण गरेको जनाउदै एएफपिटिभीले शनिबार बिहान उक्त क्षेत्रका भवनहरूबाट धुवाँ उडेको देखाइएको छ। आक्रमणको केही समयअघि, इजरायली सेनाका प्रवक्ता अविचाय अद्राईले सामाजिक सञ्जाल एक्सको पोष्टमा हारेट ह्रीक उपनगरका बासिन्दाहरूलाई उक्त क्षेत्र खाली गर्न आह्वान गर्नु भएको थियो।

पोष्टमा अरबी भाषामा "तपाईं हिजबुल्लाहका सुविधाहरु नजिक हुनुहुन्छ, यसको बिरूद्ध इजरायली सेनाले सिग्र आक्रमण गर्नेछ", भन्दै कम्तिमा ५०० मिटर टाढा जान आग्रह गरिएको थियो। लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले "इजरायलले" तीनवटा हवाई आक्रमण गरेको र हारेट ह्रीक नजिकै भएको आक्रमणले त्यस क्षेत्रका भवनहरू ध्वस्त पारेको जनाएको छ।

पछिल्लो समयमा दक्षिण बेरुतमा भएको बारम्बारको इजरायली हवाई आक्रमणले यस क्षेत्रबाट नागरिकहरूको ठूलो पलायन निम्त्याएको छ। दक्षिणी लेबनानमा, इजरायलले शुक्रबार राति र शनिबार बिहान धेरै आक्रमणहरू गरेको एनएनएले जनाएको छ। यसै गरी हिजबुल्लाहले रातारात, उत्तरी इजरायलमा सेनाको मुख्यालयलाई लक्षित गरी दुईवटा रकेट आक्रमण गरेको दाबी गरेको छ।

गत सेप्टेम्बर-२३ देखि, इजरायलले लेबनानमा हवाई आक्रमण बढाएको छ, भने हिजबुल्लाहले स्थलगत सेना तैधान गरेको छ। लेबनानी अधिकारीहरूका अनुसार गत वर्षको अक्टोबरमा हिजबुल्लाह र इजरायल बिच आक्रमण सुरु भए देखि तीन हजार ४४० भन्दा बढी मानिसहरुको मृत्यु भएको छ। द्वन्द्वले लेबनानमा पाँच अर्ब डलर भन्दा बढी आर्थिक नोक्सान पुर्याउनुका साथै संरचनात्मक क्षति अरबौं भन्दा बढी भएको विश्व बैङ्कले जनाएको छ। एजेन्सी

# संघीयताले राष्ट्रियतालाई झनै बलियो बनाएको : सञ्चार मन्त्री लेखी




**राजविराज**/मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले संघीयताले राष्ट्रियतालाई झनै बलियो बनाएको दाबी गरेका छन् ।

शुक्रबार सप्तरीको सप्तकोशी नगरपालिकास्थित फत्तेपुरमा मधेश प्रदेशको मिडिया काउन्सिलले आयोजना गरेको पत्रकार आचारसंहिता पालना सम्बन्धि गोष्ठीमा बोल्दै उनले यस्तो दाबी गरेका हुन् ।

"मुलुकमा संघीयता आएपछि विकास भएको छ" उनले भने, "७ वर्ष अघि मात्र नेपालमा आएको संघीयताले यहाँका विभिन्न ग्रामिण क्षेत्रमा विकास भएको छ ।"

संघियताले मुलुक बिखण्डन हुने बताउँदै आएकाहरुप्रति लक्षित गर्दै मन्त्रि लेखीले भने, "संघीयता आएपछि मुलुक झनै विकासको तर्फ अग्रसर भएको छ, संघीयता आउनु अघि साईकल समेत चल्न अप्ठ्यारो हुने गाउँमा अहिले गाडी गुडिरहेको छ, अनि संघीयतामामा विकासै भएको छैंन् भन्नु गलत हो ।"

कार्यक्रमको प्रमुख अतिथि समेत रहेका मन्त्री लेखीले २०४६ भन्दा अगाडि मिशन पत्रकारिता, बहुदलीय व्यवस्था आएपछि अर्को परिस्थिति र अहिले सूचना प्रबिधिको विकाससंगै प्रतिस्पर्धाको समय आएको भन्दै लेखिले पत्रकारहरुमा पनि दक्षता अभिबृद्धि हनुपर्नेमा जोड दिए ।

अहिलेको परिवेशमा सूचना प्रबिधिको विकाससंगै प्रतिस्पर्धा बढेका कारण सञ्चारकर्मीमा पनि दक्षताको अभिबृद्धि आवश्यक रहेको उनले बताए ।

संघीयताको आएपनि प्रदेशले अधिकार पाउन नसकेको बताउँदै संबिधानले दिएको अधिकारबाट पनि प्रदेशले बञ्चित हुनु परेको कुरा सञ्चार क्षेत्रका लागि पनि प्राथमिकताको विषय बन्नु पर्ने उनको जिकिर थियो ।

संबिधानले व्यवस्था गरेको स्वायत्त क्षेत्र, स्वायत्त ईलाका बन्न नसकेको भन्दै उनले यस विषयलाई राजनीतिकर्मी र पत्रकार दुबैले उठाउन आवश्यक रहेको बताए ।

कार्यक्रममा प्रदेश सांसद किरण कुमारी साहले राज्यको चौथो अंग मानिएको सञ्चार क्षेत्रलाई व्यवस्थित, मर्यादित र पत्रकारहरुको जीवनयापन सहज बनाउन प्रदेशसभामा नीति, कार्यक्रम तथा ऐन ल्याउन आवश्यक रहेको भन्दै मन्त्रि लेखीको ध्यानाकर्षण सहित आफुले पनि यसका लागि पहल गर्ने प्रतिबद्धता जनाइन ।

मधेश प्रदेश नीति तथा योजना आयोगकी सदस्य डा. शिला मिश्रले मिडियाको विकाशका लागि नीती तथा योजना आयोग र मन्त्रालयहरुबीच समन्वय गरेर मधेश प्रदेशका आठ वटै जिल्लाका लागि आवधिक योजना बनाएर अघि बढ्न थालेको बताईन ।

मधेश प्रदेश मिडिया काउन्सिलका सदस्य समेत रहेका पत्रकार महासंघ मधेश प्रदेशका सभापति राजेश कर्णले कार्यपत्र प्रस्तुत गर्दै मिडिया क्षेत्रमा देखिएका समस्या, चुनौती र त्यसमा पत्रकार संघ संगठन र राज्यले खेल्नुपर्ने भुमिका बारे आवश्यक सुझाव समेत राखेका थिए ।

मधेश प्रदेश मिडिया काउन्सिका कार्यवाहक अध्यक्ष कैलाश दासको अध्यक्षतामा आयोजित कार्यक्रममा समन्वयकर्ता पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देव, आम सञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव, सप्तकोशी नगरपालिकाका मेयर कृष्ण ढकालका साथै सहभागी पत्रकारहरुले पनि पत्रकार आचारसंहिताको पालना कार्यान्वयन बारे आ-आफ्नो सुझाव राखेका थिए ।

## पटाका नष्ट

**राजविराज**/दिपावली र छठ पर्वका बेला बरामद गरिएको विभिन्न पटाकाहरु प्रहरीले नष्ट पारेको छ ।

विभिन्न नाकाबाट भित्र्याइएको पटाकाहरु जिल्ला प्रहरी कार्यालय सप्तरीमा खाल्डो खनेर नष्ट पारिएको हो ।

विभिन्न स्थानमा सुरक्षाकर्मीले चेकजाँचका क्रममा जफत गरेका आलुबम, नागिन पटाका, सप्तरंगी पटाका, बुलेट बम लगायतका पटाका नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## *लागूऔषध र ...*

ओलीले विपद व्यवस्थापन र क्षमता व्यवस्थापन र प्रदेश ट्राफिक प्रहरी कार्यालय पतलैयाका प्रमुख ट्राफिक प्रहरी उपरीक्षक भिम किरण बोगटीले ट्राफिक अपराध र कानून व्यवस्था, डा. सुरेश चौधरी विप विपद समस्या र चुनौती, डा दिपक गुप्ताले सूचना प्रविधिको विकास र युवा विद्यार्थी बारे आ-आफ्नो प्रस्तुतिकरण राखेका थिए ।

आयोजित कार्यक्रममा सप्तकोसी नगरपालिकाका प्रमुख कृष्णाप्रसाद ढकाल, गृह, सञ्चर तथा कानून मन्त्रालयमा सचिव उद्धव प्रसाद रिजाल, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, राष्ट्रिय अनुसन्धान आयोग सप्तरीका प्रमुख अनुसन्धान उपनिर्देशक सुरेन्द्र कोइराला लगायतका स्थानीय जनप्रतिनिधि, सप्तरी निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गत रहेका विभिन्न क्याम्पसका प्राध्यापक, शिक्षक, विद्यार्थी तथा कक्षा ११ र १२ मा अध्यनरत छात्रछात्राहरुको सहभागीता रहेको थियो ।

# हनुमाननगरमा लगाइएको ताला खोलिए

**राजविराज**/तलब भत्ता नपाएको भन्दै सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालय लगाइएको ताला खोलिएको छ ।

प्रमुख जिल्ला अधिकारी भोला दाहाल तथा पालिका प्रमुख बिरेन्द्र माझी, वडाअध्यक्ष लगायतको रोहबरमा सो तालाबन्दी मंगलबार खोलिएको हो ।

यसअघि मंगलबारै प्रजिअ दाहालको अगुवाईमा बसेको नगर प्रमुख, जिल्ला स्थित सुरक्षा निकायहरु र वडा अध्यक्षहरुको बैठकले नगरसभा दश दिनभित्र सम्पन्न गरिसक्नु पर्ने निर्णय गर्दै सो तालाबन्दी खोलिएको छ ।

बैठकले नगर प्रमुख र वडा अध्यक्षको रोहबरमा तालाबन्दी खोली वडा कार्यालय र पालिकाको सेवा सूचारु गर्दै नगरसभा गरि कर्मचारीको तलब भत्ता बितरण गर्ने निर्णय पनि गरिएको छ ।

सोही बैठकले बाढी प्रभावितको सन्दर्भमा भइरहेको राहत बितरणमा गलत मनसायले भएको, दोहोरिएको वा आफ्नो मानिसलाई बितरण भएको गुनासो सम्बोधनका लागि डब्लुएफपी, सोही नगरपालिकाका सरोकारवाला पक्ष समेतको प्रतिनिधित्वमा छानबिन तथा पुनः यकिन गरी राहत बितरण गर्ने निर्णय गरिएको छ ।

**खुशीको खबर ! खुशीको खबर !! खुशीको खबर !!!**

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**
सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११




अनुरोधकर्ता : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी

**आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं**

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेरमात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- गिजरलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*